# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७५/०७६

च.नं.

---

## विषय : सूचना ॥ सूचना ॥ सूचना ॥

प्रथम पटक प्रकाशित मिति:२०७६/११/०१

**विद्युतिय च्यापकटर वितरण सम्बन्धि सूचना**

यस धनगढी उप महानगरपालिकाको आ.व.२०७६/७७ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार किसानलाई विद्युतिय च्यापकटर वितरण कार्यक्रम अन्तरगत व्यवसायिक गाईभैसी तथा बाखा पालनको लागि १५ ओटा ( व्यवसायिक बाखा फार्म लाई ६ ओटा र व्यवसायिक गाई भैसी फार्मलाई ९ ओटा) विद्युतिय च्यापकटर वितरण गर्ने कार्यक्रम रहेको हुंदा धनगढी उप महानगरपालिका भित्रका ईच्छुक दर्तावाल व्यवसायिक गाई भैसी तथा बाखा फार्म हरुबाट दरखास्त आह्वानको यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र तपसिलका कागजातहरु सहित यस कार्यालयमा आवेदन पेश गर्न हुन अनुरोध छ । यो सूचनाको म्याद सकिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय समयमा आवेदन दर्ता गराउन सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल:**

१. रु. १०। को टिकट टाँसेको आवेदन थान १

२. सम्बन्धित वडा कार्यालयको सिफारिस थान १

३. फार्म दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपि थान १

४. नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि र कर तिरेको रसिदको प्रतिलिपि १/१ प्रति ।

५ जग्गाको लालपुर्जा त्रा भाडाको जग्गामा गरिने भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्र र उक्त जग्गाको लालपुर्जाको प्रतिलिपि १/१ प्रति ।

५. घटिमा ५ बर्षसम्म प्रस्तावित व्यवसाय संचालन गर्ने प्रतिवद्धता पत्र ।

**शर्तहरु**

१. विगत २ आर्थिक बर्ष भित्र सो मेसिन अनुदान पाएका फार्मलाई छनौट गरिने छैन छनौट भए पनि अनुदान लिएको खुलेमा जुनसुकै वखत छनौट सूचिबाट हटाउन सकिने छ ।

२. निवेदन पेश गर्ने स्थान: धनगढी उप महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पशु सेवा शाखा (E Block) १०२ नं. कोठा ।

६. थप जानकारीको लागि ०९१-५२५०३९ मा सम्पर्क राख्न सक्नु हुने छ ।

............................................

(प्रमुख प्रशासकीय अधिकृत)

नारायण प्रसाद सापकोटा

प्रमुख प्रशासकीय अधिकृत